**लोक सेवाआयोग**

**नेपाल शिक्षा सेवा, शिक्षा प्रशासन समूह अन्तर्गतका निरीक्षण, अंग्रेजी, नेपाली, संस्कृत, विज्ञान, गणित, सामाजिक शिक्षा, शारीरिक शिक्षा र व्यवसायिक शिक्षा उपसमूहहरुका राजपत्राङ्कित तृतीय श्रेणीका पदहरुको खुला प्रतियोगितात्मक परीक्षाको पाठ्यक्रम**

यस पाठ्यक्रम योजनालाई दुई चरणमा विभाजन गरिएको छ :

| | | |
|---|---|---|
| **प्रथम चरण :–** | लिखित परीक्षा (Written Examination) | पूर्णाङ्क :– ३०० |
| **द्वितीय चरण :-** | (क)सामूहिक परीक्षण (Group Test) | पूर्णाङ्क :– १० |
| | (ख) अन्तर्वार्ता (Interview) | पूर्णाङ्क :– ४० |

## परीक्षा योजना (Examination Scheme)

**प्रथम चरण : लिखित परीक्षा (Written Examination)** **पूर्णाङ्क :– ३००**

| पत्र | विषय | खण्ड | पूर्णाङ्क | उर्तीर्णाङ्क | परीक्षा प्रणाली | | प्रश्नसंख्या×अङ्क | समय |
|---|---|---|---|---|---|---|---|---|
| प्रथम | General Subject | General Awareness & General Ability Test | १०० | ४० | वस्तुगत (Objective) | बहुवैकल्पिकप्रश्न (MCQs) | १०० प्रश्न×१ अङ्क | १ घण्टा ३० मिनेट |
| द्वितीय | General Technical Subject | | १०० | ४० | विषयगत (Subjective) | छोटो उत्तर<br>लामो उत्तर | ४ प्रश्न×५ अङ्क<br>८ प्रश्न×१०अङ्क | ३ घण्टा |
| तृतीय | Service-Group Specific Subject | | १०० | ४० | विषयगत (Subjective) | छोटो उत्तर<br>लामो उत्तर | ४ प्रश्न×५ अङ्क<br>८ प्रश्न×१०अङ्क | ३ घण्टा |

**द्वितीय चरण : सामूहिक परीक्षण (Group Test) र अन्तर्वार्ता (Interview)** **पूर्णाङ्क :– ५०**

| पत्र/विषय | पूर्णाङ्क | उर्तीर्णाङ्क | परीक्षा प्रणाली | समय |
|---|---|---|---|---|
| सामूहिक परीक्षण (Group Test) | १० | | सामूहिक छलफल (Group Discussion) | ३० मिनेट |
| अन्तर्वार्ता (Interview) | ४० | | बोर्ड अन्तर्वार्ता (Board Interview) | - |

**द्रष्टव्य :**

१. लिखित परीक्षाको माध्यम भाषा नेपाली वा अंग्रेजी अथवा नेपाली र अंग्रेजी दुवै हुनेछ।

२. माथि उल्लिखित शिक्षा प्रशासन समूह अन्तर्गतका सबै उपसमुहको लागि प्रथम र द्वितीय पत्र/विषयको विषयवस्तु एउटै (Common) र अनिवार्य हुनेछ। तर तृतीयपत्र/विषय सम्बन्धित उपसमुह अनुसार फरक फरक हुनेछ।

३. प्रथम, द्वितीय र तृतीय पत्रको लिखित परीक्षा छुट्टाछुट्टै हुनेछ।

४. वस्तुगत बहुवैकल्पिक (Multiple Choice) प्रश्नहरुको गलत उत्तर दिएमा प्रत्येक गलत उत्तर बापत २० प्रतिशत अङ्ककट्टा गरिनेछ। तर उत्तर नदिएमा त्यस बापत अङ्क दिइने छैन र अङ्क कट्टा पनि गरिने छैन।

५. बहुवैकल्पिक प्रश्नहरु हुने परीक्षामा कुनै प्रकारको क्याल्कुलेटर (Calculator) प्रयोग गर्न पाइने छैन।

६. विषयगत प्रश्नहरुको हकमा तोकिएको अंकको एउटा लामो प्रश्न वा एउटै प्रश्नका दुई वा दुई भन्दा बढी भाग (Two or more parts of a single question) वा एउटा प्रश्न अन्तर्गत दुई वा बढी टिप्पणीहरु (Short notes) सोध्न सकिने छ।

७. द्वितीय पत्रमा (विषयगत प्रश्न हुनेका हकमा) प्रत्येक खण्डका लागि छुट्टाछुट्टै उत्तरपुस्तिकाहरु हुनेछन्। परिक्षार्थीले प्रत्येक खण्डका प्रश्नहरुको उत्तर सोही खण्डको उत्तरपुस्तिकामा लेख्नुपर्नेछ।

८. यस पाठ्यक्रम योजना अन्तर्गतकापत्र/विषयका विषयवस्तुमा जेसुकै लेखिएको भएता पनि पाठ्यक्रममा परेका कानून, ऐन, नियम तथा नीतिहरु परीक्षाको मितिभन्दा ३ महिना अगाडि (संशोधन भएका वा संशोधन भई हटाईएका वा थप गरी संशोधन भई) कायम रहेकालाई यस पाठ्क्रममा परेको सम्झनु पर्दछ।

९. प्रथम चरणको परीक्षाबाट छनौट भएका उम्मेदवारहरुलाई मात्र द्वितीय चरणको परीक्षामा सम्मिलित गराइनेछ।

१०. यस भन्दा अगाडि लागु भएका माथि उल्लेखित सेवा, समूहको पाठ्यक्रम खारेज गरिएको छ।

११. पाठ्यक्रमलागू मिति : - **२०७६/०७/२५**

## प्रथमपत्र (Paper I): General Subject

## Part (I) : - General Awareness (60Marks)

1. **General Awareness and Contemporary Issues (30 ×1 Mark = 30 Marks)**
    - 1.1 Physical, socio-cultural and economic geography and demography of Nepal
    - 1.2 Major natural resources of Nepal
    - 1.3 Geographical diversity, climatic conditions, and livelihood & lifestyle of people
    - 1.4 Notable events and personalities, social, cultural and economic conditions in modern history of Nepal
    - 1.5 Current periodical plan of Nepal
    - 1.6 Information on sustainable development, environment, pollution, climate change, biodiversity, science and technology
    - 1.7 Nepal's international affairs and general information on the UNO, SAARC & BIMSTEC
    - 1.8 The Constitution of Nepal (From Part 1 to 5 and Schedules)
    - 1.9 Governance system and Government (Federal, Provincial and Local)
    - 1.10 Provisions of civil service act and regulation relating to constitution of civil service, organisational structure, posts of service, fulfillment of vacancy and code of conduct
    - 1.11 Functional scope of public services
    - 1.12 Public Service Charter
    - 1.13 Concept, objective and importance of public policy
    - 1.14 Fundamentals of management : planning, organizing, directing, controlling, coordinating, decision making, motivation and leadership
    - 1.15 Government planning, budgeting and accounting system
    - 1.16 Major events and current affairs of national and international importance

2. **Education in Nepal (30 ×1 Mark = 30Marks)**
    - 2.1 Educational history and major educational events in Nepal
    - 2.2 Major plans, commissions in the field of Nepalese education: Nepal National Education Planning Commission - 2011; National Education System Plan – 2028; National Education Commission - 2049
    - 2.3 Education related agencies
    - 2.4 Meaning, definition, aims, functions and delivery systems of education
    - 2.5 Education and society : education and social process, education and social justice
    - 2.6 Relation between education and philosophy (western & eastern philosophies)
    - 2.7 Concept, importance and elements of curriculum
    - 2.8 School level curriculum and evaluation system in Nepal
    - 2.9 Curriculum development process in Nepal: School level and local level curriculum
    - 2.10 Education from global perspective: Education for All (EFA), Sustainable Development Goals (SDGs), Millennium Development Goals (MDGs)

## Part (II) : - General Ability Test (40 Marks)

3. **General Ability Test** **(40×1 Mark = 40 Marks)**

3.1 **Verbal Ability Test** (14×1 Mark = 14 Marks)

Jumble words, Series, Analogy, Classification, Coding-Decoding, Matrix, Ranking Order Test, Direction and Distance Sense Test, Common Sense Test, Logical Reasoning, Assertion and Reason, Statement and Conclusions

3.2 **Numerical Ability Test** (14×1 Mark = 14Marks)

Series, Analogy, Classification, Coding, Arithmetical reasoning/operation, Percentage, Ratio, Average, Loss & Profit, Time & Work, Data interpretation & Data verification

3.3 **Non-verbal/Abstract Ability Test** (12×1 Mark = 12Marks)

Figure Series, Figure Analogy, Figure Classification, Figure Matrix, Pattern Completion/Finding, Analytical Reasoning Test, Figure Formation and Analysis, Rule Detection, Water images, Mirror images, Cubes and Dice &Venn-diagram

## द्वितीयपत्र (Paper II) : General Technical Subject

## Section (A) - 30 Marks

1. **शिक्षाको परिचय र शिक्षाका आधुनिक प्रवृत्तिहरु**
   - 1.1 शिक्षाको अर्थ, परिभाषा, स्वरुप र प्रयोजन
   - 1.2 शिक्षाको व्यक्तिगत र सामाजिक लक्ष्य तथा उद्देश्य
   - 1.3 शिक्षाका कार्यहरु : व्यक्तिगत, राष्ट्रिय, अन्तर्राष्ट्रिय, सामाजिक, आर्थिक, सांस्कृतिक र राजनैतिक
   - 1.4 शिक्षणको अर्थ र परीभाषा, शिक्षण कला अथवा विज्ञानको रुपमा, शिक्षणका नमुनाहरु (Models of teaching), शिक्षक तालिमको महत्व, शिक्षक तालिममा नवपरिवर्तनः लघुशिक्षण (Microteaching), तादात्म्यकृत शिक्षण (Simulated teaching) र समूह शिक्षण (Group teaching)
   - 1.5 शिक्षामा अनुसन्धानः अर्थ र महत्व, अनुसन्धानका प्रकारहरुः आधारभूत, प्रायोगिक र कार्य
   - 1.6 शिक्षाका आधुनिक प्रवृत्तिहरु - सबैका लागि शिक्षा, मानव अधिकार र शिक्षा, बालअधिकार र शिक्षा, विद्यालय शान्तिक्षेत्रको रुपमा, निरन्तर शिक्षा, खुला सिकाइ, शिक्षामा समान अवसर र समतामूलक पँहुच, शिक्षा र सामाजिक न्याय, आर्थिक लगानीका रुपमा शिक्षा, राष्ट्रिय एकताका लागि शिक्षा, अन्तर्राष्ट्रिय समभ्रूदारीका लागि शिक्षा
2. **शिक्षाको समाजशास्त्रीय र दार्शनिक आधारहरु**
   - 2.1 समाज र समुदायको धारणा, शिक्षा र समाज विचको सम्बन्ध
   - 2.2 विद्यालय समाजको उप-प्रणालीको रुपमा
   - 2.3 सामाजिक प्रक्रियाहरु र शिक्षा
     - 2.3.1 सामाजिकीकरण (Socialization): अवधारणा, तरिकाहरु (Modes), सामाजिकीकरणमा दिग्दर्शनपन (Directedness), सामाजिकीकरणका निकायहरु (Agencies)
     - 2.3.2 सामाजिक अन्तरक्रिया (Social interaction) : अर्थ, स्वरुप र कक्षाकोठामा सामाजिक अन्तरक्रिया
     - 2.3.3 सामाजिक परिवर्तन (Social change): अर्थ, सिद्धान्त र यसको शिक्षासँगको सम्बन्ध
     - 2.3.4 सामाजिक गतिशीलता (Social mobility): अर्थ, प्रकार र यसको शिक्षासंगको सम्बन्ध; सामाजिक गतिशीलता र साँस्कृतिक पछौटेपन (Cultural lag)
   - 2.4 दर्शन : अर्थ, क्षेत्र र कार्यहरु
   - 2.5 शिक्षाको दर्शनका विभिन्न पक्षसँग सम्बन्ध र तिनीहरुको प्रभाव तथा कार्यान्वयन
     - 2.5.1 आदर्शवाद (Idealism), प्रकृतिवाद (Naturalism), यथार्थवाद (Realism), प्रयोजनवाद (Pragmatism) र अस्तित्ववाद (Existentialism)
     - 2.5.2 पूर्वीय दर्शन र शिक्षा
3. **शिक्षण सिकाइ विधि र प्रविधिहरु**
   - 3.1 शैक्षणिक पद्धतिको अर्थ, परिभाषा र तत्वहरु
   - 3.2 शिक्षण सिकाइ प्रविधिको अर्थ, शिक्षण र सिकाइ बीचको अन्तरसम्बन्ध, शिक्षण सिकाइमा शिक्षक, विषयविज्ञ र सुपरिवेक्षकको भूमिका तथा शिक्षणमा सूचना प्रविधि (ICT) को प्रयोग
   - 3.3 शिक्षण विधि - शिक्षण विधिहरुको परिचय/परिभाषा, विशेषताहरु, शिक्षण विधिको वर्गीकरण, पाठ्यपुस्तक र सहयोगी सामग्रीसंग शिक्षण विधिको सम्बन्ध
   - 3.4 शैक्षणिक योजना : पाठ योजना, एकाइ योजना, कार्य योजना, कार्यपात्रो र समयतालिका
   - 3.5 शैक्षिक सामग्रीको अवधारणा, प्रकार, छनौट, तयारी तथा प्रयोग
4. **शिक्षा मनोविज्ञान**
   - 4.1 शिक्षा मनोविज्ञानको अर्थ, क्षेत्र, आवश्यकता र महत्व
   - 4.2 मानव विकास (Human Development)
     - 4.2.1 वृद्धि र विकासको अवधारणा, मानव विकासका सिद्धान्त र विशेषताहरु
     - 4.2.2 मानव विकास अध्ययन गर्नका उद्देश्य, महत्व तथा अध्ययनका विधिहरु
     - 4.2.3 मानव विकासका चरणहरु र तिनीहरुका विशेषताहरु
   - 4.3 यौन परिपक्वताको अवस्था : परिचय, शारीरिक र संवेगात्मक परिवर्तन तथा प्रभावहरु
   - 4.4 किशोरावस्थाः परिचय, विकासात्मक कार्यहरु, शारीरिक परिवर्तन, सामाजिक-संवेगात्मक परिवर्तन, रुचिहरु र उनीहरुमा देखा पर्ने मुख्य मुख्य व्यवहारहरु
   - 4.5 यौन परिपक्वता र किशोरावस्थाका विद्यार्थीको सुरक्षित विकासमा शिक्षक र अभिभावकको भूमिका

## Section (B) - 25 Marks

5. **सिकाइ र यसका सिद्धान्तहरु**
    - 5.1 सिकाइको परिचय : सिकाइको अर्थ, स्वरुप र शैलीहरु (Styles), परिपक्वता र सिकाइ, स्व-प्रतिविम्वन र सिकाइ
    - 5.2 सिकाइ र बुद्धिमत्ता, बुद्धिमत्ताका सिद्धान्तहरु, वहु-बुद्धिमत्ता (Multiple intelligence), संवेगात्मक बुद्धिमत्ता (Emotional intelligence)
    - 5.3 सिकाइका सिद्धान्त : संयन्त्र, विशेषता र शैक्षिक उपयोग
        - 5.3.1 शास्त्रीय सम्बन्धन (Classical Conditioning)
        - 5.3.2 कार्यपरक सम्बन्धन (Operant Conditioning)
        - 5.3.3 प्रयत्न र भूल सिकाइ (Trial & Error Learning)
        - 5.3.4 अन्तरदृष्टि सिकाइ सिद्धान्त (Insightful Learning Theory)
        - 5.3.5 जिन पियाजे (Jean Piaget) र लेव भिगोत्सी (Lev S.Vygotsky) का सिकाइ सिद्धान्तहरु
        - 5.3.6 ग्याग्नेको तहगत सिद्धान्तहरु (Gagne's Hierarchical Learning Theories)
        - 5.3.7 बान्दुराको सामाजिक सिकाइ सिद्धान्त (Bandura's Social Learning Theory)
    - 5.4 **सिकाइमा प्रभाव पार्ने तत्वहरु**
        - 5.4.1 प्रारम्भिक व्यबहार : परिचय, प्रकार र सिकाइमा भूमिका
        - 5.4.2 सिकाइको स्थानान्तरण : अवधारणा, प्रकार, सिद्धान्त र प्रभाव पार्ने तत्वहरु
        - 5.4.3 स्मरण र विस्मरण : स्मरणको अवधारणा, प्रकार, मापन प्रक्रिया र स्मृति क्षमतामा सुधारका विधिहरु; विस्मरणको अवधारणा र कारणहरु
        - 5.4.4 उत्प्रेरणा : परिचय, प्रकार र सिकाइमा प्रयोग गरिने उत्प्रेरकहरु
        - 5.4.5 अभ्यास : अवधारणा, प्रकार र उपयोग
        - 5.4.6 पुनर्वल :अवधारणा, प्रकार र उपयोग

6. **पाठ्यक्रमको परिचय र विकास**
    - 6.1 पाठ्यक्रम : अवधारणा, तत्व, आवश्यकता तथा पाठ्यक्रमिय लक्ष्यका स्रोतहरु (Sources of Curricular goals)
    - 6.2 पाठ्यक्रमका ढाँचा (Curriculum designs):
        - 6.2.1 ढाँचा (Designs) : विषय-केन्द्रित (Subject-centered), क्रियाकलाप-केन्द्रित (Activity-centered), समस्या-केन्द्रित (Problem-centered) र मुख्य पाठ्यक्रम (Core curriculum)
        - 6.2.2 सुसुप्त पाठ्यक्रम (Hidden Curriculum)
        - 6.2.3 पाठ्यक्रम विकासका नमूनाहरु (Models): तार्किक (Rational) : Tyler and Taba, चक्रीय (Cyclical) : Wheeler and Nicholls र गतिशील (Dynamic) : Decker Walker and Malcolm Skilbeck
    - 6.3 पाठ्यक्रम निर्माण प्रक्रिया (Curriculum development process) : आवश्यकताको पहिचान (Needs identification), लक्ष्य, ध्येय र उद्देश्य निर्धारण (Determining aims, goals and objectives), विषयवस्तु र सिकाइ अनुभवको छनौट र संगठन (Selection and organization of contents and learning experiences) तथा मूल्याङ्कन (Evaluation)
    - 6.4 पाठ्यक्रम निर्माणमा प्रभाव पार्ने तत्वहरु : विद्यार्थी, समकालीन समाज तथा सँस्कृति, सामाजिक परिवर्तन, विषयवस्तु, दर्शन र मनोविज्ञान
    - 6.5 पाठ्यक्रम संगठन र विकासका आधुनिक प्रवृत्तिहरु (Current trends in curriculum organization and development)

7. **मूल्याङ्कनको परिचय र प्रयोजन**
    - 7.1 मापन र मूल्याङ्कन (Measurement and Evaluation)
    - 7.2 मापनका साधन, मूल्याङ्कनका प्रकार र मूल्याङ्कनका साधनमा हुनुपर्ने विशेषताहरु

7.3 परीक्षणको अर्थ र प्रकार : मानक र मापदण्डमा आधारित (Norm referenced and criterion referenced test), विषयगत र वस्तुगत, (Subjective and objective), प्रामाणिक र गैर-प्रामाणिक अथवा शिक्षक निर्मित (Standardized and non-standardized or teacher made)

7.4 परीक्षण विकास प्रक्रियाः उद्देश्य निर्धारण, विषयवस्तुको छनौट, विशिष्टीकरण तालिकाको विकास, प्रश्नहरुको लेखन, प्रश्नहरुको विश्लेषण र सम्पादन, विश्वसनीयता र वैधता निर्धारण, अन्तिम प्रश्नपत्रको निर्माण, साँस्कृतिक आधारमा परीक्षणको समायोजन, परीक्षण-संचालन, परीक्षण र नतिजा विश्लेषण

7.5 **सामान्य सांख्यिकीय विश्लेषण** (Simple statistical analysis)

7.5.1 तथ्यांकको संकलन, विश्लेषण र प्रस्तुतीकरण

7.5.2 केन्द्रीय प्रवृत्तिको मापन : मध्यक (Mean), मध्यिका (Median) र रित (Mode)

7.5.3 तथ्यांकको तुलनात्मक स्थितिको गणना (Measures of relative position) : प्रतिशताङ्क (Percentile) र प्रामाणिक प्राप्ताङ्क (Standard score)

7.5.4 विचरणशिलताको मापन (Measures of variability): तथ्यांकको विस्तार (Range) र स्तरीय भिन्नता (Standard deviation)

## Section (C) - 25 Marks

8. **शिक्षा प्रशासन, शैक्षिक व्यवस्थापन, प्राविधिक तथा व्यावसायिक शिक्षा र उच्च शिक्षा व्यवस्थापन**

8.1 शिक्षा प्रशासन : अर्थ, परिभाषा, उद्देश्य, महत्व र विकासक्रम

8.2 संघिय सन्दर्भमा शिक्षा नीति, नीतिको क्षेत्र र नीतिका विशेषताहरु

8.3 नेपालको संविधान पछि जारी भएमा शिक्षा सम्बन्धित ऐनहरुमा शिक्षा प्रशासन सम्बन्धी व्यवस्था

8.4 स्थानीय सरकार सञ्चालन ऐन, २०७४ मा शिक्षा प्रशासन सम्बन्धी व्यवस्था

8.5 शैक्षिक व्यवस्थापन : परिभाषा र महत्व

8.6 शैक्षिक व्यवस्थापनको क्षेत्र : शिक्षण-सिकाइको प्राविधिक पक्षको व्यवस्थापन, रणनीतिक व्यवस्थापन तथा दैनिक कार्य सञ्चालन व्यवस्थापन

8.7 नेपालमा शिक्षाको संरचना : अनौपचारिक, निरन्तर शिक्षा, प्रारम्भिक बाल विकास र शिक्षा, विद्यालय शिक्षा, प्राविधिक तथा व्यावसायिक शिक्षा र तालिम तथा उच्च शिक्षा

8.8 विद्यालय अनुशासन, विधि, प्रक्रिया र रचनात्मक नीति

8.9 शिक्षा आयोग तथा योजनाहरुमा विद्यालय शिक्षा, पाठ्यक्रम, शिक्षक र विद्यार्थी मूल्यांकन सम्बन्धी सुझावहरु

8.10 प्राविधिक तथा व्यावसायिक शिक्षा र तालिम सम्बन्धित संरचना, निकाय र नीतिगत व्यवस्था

8.11 उच्च शिक्षा व्यवस्थापन र उच्च शिक्षा नीतिगत व्यवस्था, संरचना र निकाय

9. **विद्यालय, पाठ्यक्रम र पाठ्यसामग्री व्यवस्थापन**

9.1 विद्यालय व्यवस्थापन : अर्थ, उद्देश्य, प्रकार र महत्व

9.2 विद्यालय स्थापना वा कक्षा थपका आधारहरु (जनसंख्या, भौगोलिक अवस्था, सामाजिक बनौट, तल्लो तहको विद्यालयहरु, विद्यालय छनौटको अवसर, लागत र कुशलताको प्रश्न, समता र गुणस्तरको प्रश्न)

9.3 सामुदायिक र संस्थागत विद्यालय व्यवस्थापन : सेवा क्षेत्रको अवधारणा र सामुदायिक र संस्थागत विद्यालय स्थापनाका फरक आधार, फरक प्रकृतिका विद्यालयको व्यवस्थापनमा शिक्षा निकायको भूमिका

9.4 विद्यालयको भौतिक व्यवस्थापन : भवन तथा आवस्यक पुर्वाधार, पुस्तकालय, सिकाइ वातावरण

9.5 निश्चित तहको मात्र पढाइ हुने वा सबै तहको पढाई हुने एकीकृत विद्यालय व्यवस्थापन

9.6 विद्यालय स्थापना सम्बन्धमा विभिन्न तहको भूमिका : संघ, प्रदेश, स्थानीय तहको नीति निर्माण र स्तर निर्धारण, स्रोत परिचालन, अनुमति तथा दैनिक कार्य सञ्चालनको व्यवस्थापनमा भुमिका

9.7 विद्यालय पाठ्यक्रम विकासका आधार : विद्यार्थीका आवस्यकता, सामाजिक आवस्यकता, सिकाइ पद्धतिको विकास, प्रविधिको विकास र प्रविधिसम्म पहुँच

9.8 नेपालमा विद्यालय पाठ्यक्रमको अध्ययन : राष्ट्रिय र तहगत उद्देश्य, तहगत रुपमा रहेको विषयगतक्षेत्र र क्रम, पाठ्यभार, ज्ञान र सिपका आधारमा दिइएको भार

9.9 नेपालमा पाठ्यक्रम र पाठ्यसामग्री विकासमा विभिन्न तह र निकायको भूमिका

10. **विद्यार्थी, शिक्षक र विद्यार्थी मूल्याङ्कन सम्बन्धि व्यवस्थापन**
- 10.1 विद्यार्थी भर्ना र समूह विभाजनका आधार
- 10.2 समता तथा व्यक्तिको पूर्ण क्षमता विकास गर्ने विषय : विद्यार्थीलाई विभिन्न समूहमा राख्ने आधार (उपलब्धिका आधारमा वा मिश्रित) र यसका फाइदा र वेफाइदाहरु
- 10.3 विद्यार्थीको नेतृत्व विकासमा विद्यालयको भुमिकाः विद्यालयमा प्रजातान्त्रिक अभ्यासको अवसर, नेतृत्व लिने अवसर, बहु-प्रतिभाको खोजि, चिनारी र विकासको अवसर
- 10.4 शिक्षक व्यवस्थापन : अवधारणा र महत्व
- 10.5 शिक्षकको तयारी र शिक्षक अध्यापन अनुमतिपत्रः लामो तयारी कोर्ष वा प्राज्ञिक कोर्ष पछिको पेशागत तयारीस शिक्षक सक्षमता र शिक्षक तयारी, शिक्षक अध्यापन अनुमति पत्र
- 10.6 शिक्षक सेवा : पदका आधारमा भर्ना गर्ने पद्धति, तहगत रुपमा शिक्षक तयारी र भर्ना, शिक्षकको सरुवा र बढुवाको व्यवस्थापन
- 10.7 शिक्षक पेशागत विकासः संरचना, नीति र कार्यक्रमहरु
- 10.8 शिक्षकको आपुर्ति, गुणस्तर र प्रभावकारितामा
- 10.9 शिक्षक सेवाको गठन र परिचालनः पदको स्वीकृति, माग र तयारी
- 10.10 विद्यार्थी मूल्याङ्कनको अवधारणा : अर्थ, परीक्षणका साधन, परीक्षणको विश्वसनीयता र वैधता; कक्षा कोठामा आधारित परीक्षा र साधनहरु
- 10.11 परीक्षा व्यवस्थापन सम्बन्धी विद्यमान अवस्था र संरचनागत व्यवस्था तथा संघिय सन्दर्भमा विभिन्न निकायको भूमिका
- 10.12 विद्यार्थी उपलब्धि परीक्षण : उद्देश्य, प्रक्रिया, नतिजाको विश्लेषण र यसको उपयोग
- 10.13 नेपालको सन्दर्भमा उपलब्धि परीक्षण र प्रणालीगत उत्तरदायित्व

## Section (D) – 20 Marks

11. **सार्वजनिक व्यवस्थापन**
- 11.1 कर्मचारी व्यवस्थापनका विविध पक्षहरु : कार्यविश्लेषण, कार्यविवरण, कार्यमूल्याङ्कन, भर्ना, छनौट, नियुक्ति, पदस्थापन, बढुवा, तलब सुविधा, उत्प्रेरणा, बृति विकास र अवकाश
- 11.2 सार्वजनिक व्यवस्थापनमा निर्देशन, नियन्त्रण, पदसोपान, निर्णय प्रक्रिया, नेतृत्व, समन्वय, अधिकार प्रत्यायोजन र निक्षेपण, सुपरिवेक्षण, अनुगमन तथा मूल्यांकन
- 11.3 सार्वजनिक सेवा प्रवाहको अर्थ, महत्व र सेवा प्रवाह गर्ने तरिका/माध्यमहरु
- 11.4 सार्वजनिक सेवा प्रवाहमा कम्प्युटर, इन्टरनेट, सामाजिक सञ्जाल, भर्चुअल (Virtual) सिकाइ सूचना तथा सञ्चार प्रविधिको प्रयोग, अवसर तथा चुनौतीहरु
- 11.5 व्यवसायिकता, अनुशासन र आचार-संहिता
- 11.6 सार्वजनिक नीति तर्जुमा, कार्यान्यवन र मूल्यांकन
- 11.7 व्यवस्थापनका विविध पक्षहरुः द्वन्द व्यवस्थापन, तनाव व्यवस्थापन, परिवर्तन व्यवस्थापन, ज्ञान व्यवस्थापन (Knowledge Management),विविधता व्यवस्थापन (Diversity Management)

12. **कार्यालय व्यवस्थापन तथा लेखा**
- 12.1 कार्यालय कार्यविधि : टिप्पणी, चिठ्ठीपत्र र प्रतिवेदन
- 12.2 अभिलेख व्यवस्थापन र जिन्सी व्यवस्थापन
- 12.3 लेखा प्रणाली र लेखापरीक्षणको परिचय, विशेषता, उद्देश्य र आधारभूत सिद्धान्त
- 12.4 बजेटको अर्थ, सिद्धान्त, प्रकार र महत्व
- 12.5 सरकारी आर्थिक कारोवार : परीचय, विषेशता, कारोवार विश्लेषण, प्रारम्भिक लेखाङ्कन, खातामा प्रविष्टि र प्रतिवेदन सम्बन्धी व्यवस्था
- 12.6 बेरुजु र बेरुजु फछ्र्यौट सम्बन्धी व्यवस्था
- 12.7 सार्वजनिक खरीद सम्बन्धी कानुनी व्यवस्था र कार्यविधि
- 12.8 खरीद व्यवस्थापन : प्रतितपत्र, खरिद विधिहरु, जमानत तथा खरिद योजना
- 12.9 कार्यालयमा संचारको महत्व, प्रकार, माध्यम
- 12.10 व्यवस्थापन सूचना प्रणाली र यसको महत्व

**लोक सेवा आयोग**
**नेपाल शिक्षा सेवा, शिक्षा प्रशासन समूह, नेपाली उपसमूहको राजपत्राङ्कित तृतीय श्रेणी पदको खुल्ला प्रतियोगितात्मक परीक्षाको पाठ्यक्रम**

.

## तृतीय पत्र (Paper III) : Technical Subject

## खण्ड (क) - ३० अंक

**१. नेपाली भाषा** **१०%**

१.१ भाषाको परिभाषा र सामान्य विशेषता
१.२ भाषा विज्ञान र यसका क्षेत्र तथा शाखाहरू
१.३ ध्वनि विज्ञान, वर्ण विज्ञान, रुप विज्ञान, वाक्य विज्ञान र अर्थ विज्ञानको सामान्य परिचय, विशेषता र प्रयोगको अवस्था
१.४ भाषाको प्रयोग (प्रयोक्ता, विषय र भूमिका)
१.५ नेपाली भाषाको उत्पत्ति, विकास र वर्तमान स्थितिको संक्षिप्त परिचय
१.६ नेपाली भाषाको स्वरुप
 १.६.१ नेपाली उच्चारण व्यवस्था (स्वर, व्यञ्जन र अक्षर प्रणाली)
 १.६.२ कथ्य र लेख्य भाषाको भेद तथा अन्तरसम्बन्ध
 १.६.३ नेपालीका मुख्य मुख्य भाषिका र उप भाषिकाको परिचय (क्षेत्रगत वितरण, रुप र प्रयोग)
 १.६.४ स्तरीय नेपाली प्रयोगमा भाषिका तथा उपभाषिकाको प्रभाव (शब्द भण्डारका दृष्टिले)
 १.६.५ नेपाली भाषाको विकासकाक्रममा भएका प्रयत्न र आन्दोलनहरू
 १.६.६ व्याकरण र शब्दकोश निर्माणका प्रयत्नहरू
१.७ राष्ट्र भाषा र प्रमुख राष्ट्रिय भाषाहरू

**२. नेपाली साहित्य र बालसाहित्य** **१०%**

२.१ नेपाली नाटक
 २.१.१ नाटक तथा एकाङ्कीको सैद्धान्तिक परिचय, वर्गीकरण र विकासक्रम
 २.१.२ नेपाली नाटक तथा एकाङ्कीका पूर्ववर्ती र उत्तरवर्ती मुख्यमुख्य रचनाकारहरूका विशेषता तथा प्रवृत्तिहरू
२.२ नेपाली कथा र उपन्यास
 २.२.१ कथा तथा उपन्यासको सैद्धान्तिक परिचय, वर्गीकरण र विकासक्रम (मोड र प्रवृत्ति)
 २.२.२ नेपाली कथा तथा उपन्यासका क्षेत्रका पूर्ववर्ती र आधुनिक स्रष्टाहरूका विशेषताहरू तथा प्रवृत्तिहरू
२.३ नेपाली कविता र काव्य
 २.३.१ कविता तथा काव्यको सैद्धान्तिक परिचय, वर्गीकरण र विकासक्रम (मोड र प्रवृत्ति)
 २.३.२ नेपाली कविता तथा काव्यका क्षेत्रका पूर्ववर्ती तथा उत्तरवर्ती स्रष्टाहरूका विशेषताहरू तथा प्रवृत्तिहरू
२.४ साहित्यशास्त्र र नेपाली समालोचना
 २.४.१ पूर्वीय र पाश्चात्य साहित्यको सैद्धान्तिक परिचय, प्रमुख मान्यता, विभिन्न वादहरू, सिद्धान्तहरू र विकासक्रम (मोड र प्रवृत्ति)
 २.४.२ प्रमुख नेपाली समालोचक र तिनका विशेषताहरू तथा प्रवृत्तिहरू
२.५ बाल साहित्य
 २.५.१ बाल साहित्यको सैद्धान्तिक परिचय, प्रमुख मान्यता, र विकासक्रम (मोड र प्रवृत्ति)
 २.५.२ प्रमुख नेपाली बाल साहित्यका स्रष्टाहरू र तिनका विशेषता तथा प्रवृत्तिहरू

**३. नेपाली भाषाको पाठ्यक्रम र पाठ्यपुस्तक** **१०%**

३.१ भाषा पाठ्यक्रमका विशेषता तथा स्तम्भहरू
३.२ नेपाली भाषा पाठ्यक्रमको विकासक्रम (वि.सं.२०२८ अघि र पछि)

३.३ पाठ्यक्रम तथा पाठ्यपुस्तक निर्माणका सिद्धान्तहरू र प्रयोग
३.४ विद्यालय तहका पाठ्यक्रमहरू
  ३.४.१ प्राथमिक, निम्नमाध्यमिक र माध्यमिक पाठ्यक्रम
  ३.४.२ उक्त पाठ्यक्रमका उद्देश्य, क्षेत्र, क्रम र विधागत स्पष्टीकरण
  ३.४.३ पाठ्यक्रम, पाठ्यपुस्तक परीक्षण, कार्यान्वयन एवं मूल्याङ्कन प्रक्रिया

## खण्ड (ख) - ३० अंक

**४. रचना प्रक्रिया र अभिव्यक्ति प्रणाली** **१०%**

४.१ अनुच्छेद लेखन (पदसंगतिमा आधारित निर्देशित प्रकारको टिप्पणी/प्रतिवेदन लेख्ने सीप)।
४.२ अनुलेखन (दिइएको अनुच्छेदलाई विषय, प्रसङ्ग, तर्क र औचित्यका दृष्टिले विभिन्न छोटा छोटा अनुच्छेद बनाउने सीप)।
४.३ पत्रलेखन (विभिन्न प्रयोजन र परियोजनाका लागि आवश्यक प्रारुप, प्रतिवेदनको निवेदन, सूचना आदि लेख्ने र प्रारुप तयार गर्ने काम तथा सीप)
४.४ प्रविधि (रेखाङ्कन, प्रारुपको तयारी, सम्पादन आदि काममा आधुनिक प्रविधिको उपयोग गर्ने ज्ञान र सीप)।
४.५ साहित्यका विभिन्न विधा र विभिन्न क्षेत्रसँग सम्बन्धित कृतिहरूको समीक्षा (पठन, परिचय, प्रभाव, प्रस्तुति र सारांश लेखन)।

**५. सम्पादन र अनुवाद** **१०%**

५.१ पाण्डुलिपिको सम्पादन/भौतिक पक्ष
  ५.१.१ मुखपृष्ठ (सम्बद्ध र आकर्षक)
  ५.१.२ मुद्रण (अक्षरको रङ्ग, साइज, शुद्धता र पठनीयता)
  ५.१.३ कागज (रङ्ग र गुणस्तर)
  ५.१.४ जिल्ला (साधारण र अन्य)
  ५.१.५ सिलाइ (स्टिचिङ्ग, धागोको र अन्य)
५.२ पाण्डुलिपिको सम्पादन/विषयवस्तु
  ५.२.१ पाठ्यवस्तु, चित्र, रेखा, अभ्यास र यिनीहरूको बीचमा सम्बन्ध स्थापना
  ५.२.२ शिक्षकलाई निर्देशन, विशेषांश टिप्पणी र सूचना, विद्यार्थीलाई निर्देशन
  ५.२.३ भूमिका, नयाँ तथा कठिन शब्दहरूको सूची, प्राविधिक तथा पारिभाषिक अप्रचलित शब्दहरूको अर्थ।
  ५.२.४ मानक शब्दावलीको प्रयोग र शुद्धता
  ५.२.५ अनुवाद गर्दा ध्यान दिनुपर्ने कुराहरू
  ५.२.६ मूलकृतिको पठन
  ५.२.७ शब्द भण्डार/समानान्तर शब्दको चयन
  ५.२.८ अनुवाद
  ५.२.९ सम्पादन र पुनरावलोकन

**६. शोध/अनुसन्धान** **१०%**

६.१ शोध/अनुसन्धानको परिचय, विशेषता र प्रयोजन
६.२ शोध प्रस्ताव, परिचय, विशेषता र अङ्गहरू
६.३ अनुसन्धान प्रतिवेदन
६.४ पाद टिप्पणी र सन्दर्भ सामग्री

.

## खण्ड (ग) - २० अंक

**७. भाषा शिक्षण र नेपाली भाषा** **१०%**

- ७.१ भाषा शिक्षणको परिचय, आवश्यकता र उपादेयता
- ७.२ भाषा शिक्षणका आधारभूत सिद्धान्तहरू
- ७.३ भाषिक सीप र तिनका क्रियाकलापहरू
- ७.४ नेपाली भाषा शिक्षण सन्दर्भ
  - ७.४.१ पहिलो र दोस्रो भाषा शिक्षणका रुपमा नेपाली भाषा शिक्षण
  - ७.४.२ राष्ट्रभाषाका रुपमा नेपाली भाषा शिक्षण
  - ७.४.३ विदेशी भाषाका रुपमा नेपाली भाषा शिक्षण
- ७.५ विधा शिक्षण
  - ७.५.१ भाषिक सीपहरूको शिक्षण (सुनाइ, बोलाइ, पढाइ र लेखाइ)
  - ७.५.२ गद्य शिक्षण
  - ७.५.३ पद्य शिक्षण
  - ७.५.४ रुपक शिक्षण

**८. व्याकरण शिक्षण र नेपाली व्याकरण** **१०%**

- ८.१ शब्द भण्डार
- ८.२ शब्दवर्ग अवधारणा, वर्गीकरण र प्रयोग
- ८.३ रुपायन र व्युत्पादन प्रक्रिया तथा प्रयोग
- ८.४ प्राविधिक शब्दहरू, अर्थ निर्धारण र भाषान्तरण
- ८.५ द्वित्वको रुप र प्रयोग
- ८.६ पदसंगति (लिङ्ग, वचन, पुरुष र आदरार्थीको प्रयोग)
- ८.७ काल र भाव
- ८.८ धातु / क्रिया (सामान्य र प्रेरणार्थक)
- ८.९ वाच्य
- ८.१० कारक, विभक्ति र यिनीहरूको प्रयोग
- ८.११ उक्ति परिवर्तन
- ८.१२ वाक्य, वर्गीकरण, विश्लेषण / संश्लेषण
- ८.१३ व्याकरण शिक्षणका विधिहरू (निगमन, आगमन, पाठ्यपुस्तक र भाषासंसर्ग विधि)

## खण्ड (घ) - २० अंक

**९. शिक्षण योजना र शिक्षण सामग्री** **१०%**

- ९.१ योजनाको परिचय, अङ्गहरू, योजना निर्माणका लागि पूर्वाधारहरू
- ९.२ दैनिक योजना, एकाइ योजना र वार्षिक योजना परिचय र प्रयोग
- ९.३ शिक्षण सामग्रीको परिचय, वर्गीकरण र उपयोगिता
- ९.४ भाषा शिक्षणमा उपयोग हुने आधारभूत शिक्षण सामग्री र तिनीहरूको प्रयोग गर्ने तरिका र उपयोगिता

**१०. भाषिक मूल्याङ्कन** **१०%**

- १०.१ मूल्याङ्कनको परिचय, भाषिक मूल्याङ्कनका सिद्धान्तहरू
- १०.२ भाषिक मूल्याङ्कनका साधन तथा उपायहरू
- १०.३ विशिष्टीकरण तालिकाको परिचय र उपयोग
- १०.४ विभिन्न प्रयोजनका लागि प्रश्न निर्माण र प्रयोग

((()))

**लोक सेवा आयोग**
**नेपाल शिक्षा सेवा, शिक्षा प्रशासन समूह, नेपाली उपसमूहको राजपत्राङ्कित तृतीय श्रेणी पदको खुल्ला प्रतियोगितात्मक परीक्षाको पाठ्यक्रम**

प्रथम चरणको लिखित परीक्षाबाट छनौट भएका उम्मेदवारहरुलाई मात्र
लिइने **सामूहिक परीक्षण (Group Test)** को लागि

## सामूहिक छलफल (Group Discussion)

यस प्रयोजनको लागि गरिने परीक्षण १० पूर्णाङ्क र ३० मिनेट अवधिको हुनेछ जुन नेताविहिन सामूहिक छलफल (Leaderless Group Discussion) को रुपमा अवलम्वन गरिने छ । दिइएको प्रश्न वा Topic का विषयमा पालैपालोसँग निर्दिष्ट समयभित्र समूहवीच छलफल गर्दै प्रत्येक उम्मेदवारले व्यक्तिगत प्रस्तुति (Individual Presentation) गर्नु पर्नेछ । यस परीक्षणमा मूल्याङ्कनको लागि देहाय अनुसारको ३ जना भन्दा बढीको समिति रहनेछ ।

| | | |
|---|---|---|
| आयोगका सदस्य | - | अध्यक्ष |
| आयोगका सदस्य | - | सदस्य |
| मनोविज्ञ | - | सदस्य |
| दक्ष/विज्ञ (१ जना) | - | सदस्य |

### सामूहिक छलफलमा दिइने नमुना प्रश्न वा Topic

उदाहरणको लागि - उर्जा संकट, गरीबी निवारण, स्वास्थ्य बीमा, खाद्य सुरक्षा, प्रतिभा पलायन जस्ता Topics मध्ये कुनै एक Topic मात्र दिइनेछ ।